# क्षीरेश्वरनाथ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

महेन्द्रनगर, धनुषा
मधेश प्रदेश, नेपाल

प.स. : २०८२/०८३
च.नं. : 9

मिति २०८२/०४/०१ गते

श्री (१-१०) वडा कार्यालय तथा सम्वन्धीत सवै,
क्षीरेश्वरनाथ नगरपालिका, महेन्द्रनगर, धनुषा ।

विषय :- आ.व. २०८२/०८३ का लागि सामाजिक सुरक्षा भत्ता नविकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा यस नगरपालिकाका सम्वन्धीत सवै वडा कार्यालयवाट आ.व. २०८१/०८२ मा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्नु भएका र नयाँ लाभग्राहीहरुको चालु आ.व. २०८२/०८३ मा समेत सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्नका लागि सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसूची २ को ढाँचा बमोजिमको लाभग्राही तथा संरक्षकको उपस्थितिमा दरखास्त लिई मिति २०८२ साउन ०१ गते देखी २०८२ भदौ मसान्त भित्र सोही कार्याविधिको दफा (४) वमोजिम सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गरी नविकरण गरिसकेका लाभग्राहीहरुलाई नविकरण गरेको प्रमाण (निसा) अनिवार्य उपलव्ध गराउनुहुन अनुरोध गरीन्छ । साथै यस पालिकाको सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखावाट उक्त कार्यको लागि प्रत्येक वडामा जाने कर्मचारीहरु सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा प्रमुख एम. आई. एस. अपरेटर सुशील कुमार यादल, एम. आई. एस. अपरेटर कृष्ण कुमार यादव र फिल्ड सहायक करिना कुमारी यादवसंग आवश्यक समन्वय गरी नविकरण गर्न गराउनमा सहयोग गरिदिनुहुन समेत अनुरोध गरीन्छ । साथै राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मिति २०८२/०३/३० गतेको प.स.२०८०/०८१ च.नं.३३९ को पत्र यसै साथ संगलग्न छ ।

**सामाजिक सुरक्षा भत्ता नविकरण गराउन आवश्यक पर्ने कागजातहरु देहाय वमोजिम रहेका छन् :-**

- सामाजिक सुरक्षा परिचयपत्रको प्रतिलिपी र नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- विध्वा तथा एकल महिलाको हकमा थप प्रमाणहरु पतिको मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपी र अर्को विवाह नगरेको सम्वन्धमा वडाको सिफारिस
- पूर्ण अपाङ्ग र अति अशक्तको हकमा थप प्रमाणहरु : उमेर नपुगेको (१६ वर्ष भन्दा मुनी) को हकमा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपी, उमेर पुगेको हकमा (१६ वर्ष भन्दा माथि) नागरिकता प्रमाण पत्रको प्रतिलिपी, अपाङ्ग कार्डको प्रतिलिपी र निजहरुको संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- क्षेत्र तोकिएको तथा दलित वालवालिकाको हकमा थप प्रमाणहरु :- संरक्षकको नागरिकता, सामाजिक सुरक्षा परिचयपत्रको प्रतिलिपी र जन्म दर्ताको प्रतिलिपी
- सम्वन्धीत वडाको नागरिकता वा जन्म दर्ता प्रमाण पत्र नभएको अवस्थामा वसाई सराई प्रमाण पत्रको प्रतिलिपी
- राष्ट्रिय परिचयपत्र नम्वरको प्रतिलिपी उपलब्ध गराई सो परिचय पत्र नम्बर राखि नविकरण गर्नु पर्ने छ वा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मिति २०८२/०३/३० गतेको च.नं.३३९ को पत्रानुसार गर्नुपर्ने छ ।

**(नोट :- यस नगरपालिकाका सम्बन्धीत सबै लाभग्राहीहरुमा यो सुचित गरिन्छ की चालु आ.व. २०८२/०८३ समेत समाजिक सुरक्षा भत्ता खान अनिवार्य रुपले आ-आफ्नो सक्कल प्रमाण पत्रहरु सहित वडा कार्यालयमा तोकिएको मितिमा उपस्थित भई दरखास्त दिई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनुहुन अनुरोध गरिन्छ । लाभग्राहीहरुले तोकिएको समयमा परिचयपत्र नविकरण नगराएमा सामाजिक सुरक्षा भत्ताबाट स्वतह कट्टा हुने छ । त्यसको जिमेवार नगरपालिका, समाजिक सुरक्षा तथा पञ्जीकरण शाखा वा वडा कार्यालय हुने छैन । साथै चालु आ.व. २०८२/०८३ मा नविकारण गराइसकेपछि नविकरण गरेको प्रमाण (निसा) वडा कार्यालयबाट अनिवार्य लिनुहोला । धन्यवाद)**

| | | |
|---|---|---|
| प्रमोद कुमार घिमिरे | राम उदगार अधिकारी | सुखदेव यादव |
| आर्थिक प्रशासन प्रमुख | प्रमुख प्रशासकीय अधिकृत | नगर प्रमुख |

नेपाल सरकार
गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

(सामाजिक सुरक्षा शाखा)

फोन : ४६११४६१, ४४६८६८८, ४४६२०५६, ४२००८९५
फ्याक्स : ४२०००१४
सिंहदरबार, काठमाडौं
Website : www.donidcr.gov.np
E mail : info@donidcr.gov.np
vital@donidcr.gov.np

पत्र संख्या : २०८०/०८१
चलानी नं. : ३३१

मिति: २०८२/०३/३०
ने.सं. ११४५

बिषय: सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण सम्बन्धमा।

श्री स्थानीय तह सबै ।

क्षीरेश्वरनाथ नगरपालिका
दर्ता नं. १८८६
मिति २०८२।४।१३

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (१) तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) बमोजिम सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको भदौ मसान्तभित्र (श्रावण एक गते देखि ऐ. भाद्र मसान्त सम्म दुई महिना) सम्बन्धित वडा कार्यालयमा आफैं उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु पर्ने व्यवस्था रहेको व्यहोरा बिदितै छ ।सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण गर्दा देहाय अनुसार गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

देहायः

क. राष्ट्रिय परिचयपत्र वा परिचय नम्बर प्राप्त गरेका लाभग्राहीको हकमा अनिवार्य NIN, Fingerprint scanner वा Iris डिभाईस मार्फत Verification गरी सम्बन्धित वडा कार्यालयबाट नवीकरण गरिदिने ।यदि कुनै कारणले Biometric Verification हुन नसकेमा अन्य विकल्प जस्तै Alpha Authentication (NID मा उल्लेख भएको वैयक्तिक विवरण तथा Photo) बाट Verification गरी नवीकरण तथा सूचीकरण गरिदिने ।

ख. नयाँ लाभग्राहीको रुपमा सूचीकरण हुन वा नवीकरणका लागि लाभग्राहीले NIN उपलब्ध गराएको तर कुनै पनि माध्यमबाट NIN Verification हुन नसकेमा प्रणालीमा सोही कुरा कैफियत जनाई सूचीकरण तथा नवीकरण गरिदिने ।

ग. बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने, अशक्त, असहाय वा नब्बे वर्ष माथिका जेष्ठ नागरिकको हकमा राष्ट्रिय परिचयपत्र नभए तापनि लाभग्राहीको रुपमा सूचीकरण वा नवीकरण गरिदिने ।

घ. म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरिने र लगत कट्टा भएका व्यक्तिले पुनः लाभग्राहीमा सूचीकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकाले सोही बमोजिम गरिदिने ।

ङ. आर्थिक वर्ष ०८२/८३ को बजेट वक्तव्यको बुँदा नं ३७५ मा आगामी आर्थिक वर्षदेखि (२०८२ साल श्रावण १ गते देखि) ७० वर्ष पुरा भएका नागरिकले जेष्ठ नागरिक भत्ता प्राप्त गर्ने व्यवस्था उल्लेख भएको हुँदा सोही बमोजिम जेष्ठ नागरिक अन्तर्गत नयाँ लाभग्राही सूचीकरण गर्ने । हाल प्राप्त गरीरहेका, दुर्गम क्षेत्र र लक्षित वर्गका जेष्ठ नागरिकका हकमा भत्ता पाउने उमेर यथावत रहेकोले सोही बमोजिम नवीकरण गरिदिने ।

(सानुबाबु अधिकारी)
निर्देशक

CamScanner